# ॥ श्रीमद्भगवद्गीता शुध्द उच्चारण मार्गदर्शिका - स्तर 4 ॥

## माहेश्वर सूत्रहरु

1. अइउण्।
2. ऋऌक्।
3. एओङ्।
4. ऐऔच्।
5. हयवरट्।
6. लण्।
7. ञमङणनम्।
8. झभञ्।
9. घढधष्।
10. जबगडदश्।
11. खफछठथचटतव्।
12. कपय्।
13. शषसर्।
14. हल्।

**'प्रत्याहार' -** शब्दहरुको ब्याख्या वा नियमहरुमा जब कुनै पनि विशेष वर्ण समूहहरुको प्रयोगको आवश्यकता हुन्छ, तब ती वर्णहरूको माहेश्वर सूत्रहरु द्वारा प्रत्याहार बनाएर छोटकरीमा लिइन्छ । प्रत्याहारको अर्थ हुन्छ – संक्षिप्त भनाइ । शुरु वर्ण र अन्तिम वर्ण लाई मिलाएर प्रत्याहार बन्दछ |

**उदा.** = 'अच्' प्रत्याहार - पहिलो माहेश्वर सूत्र 'अइउण्' मा शुरु वर्ण 'अ' र चौथो सूत्र 'ऐऔच्' को अन्तिम वर्ण 'च्' लाई लिएर 'अच्' प्रत्याहार बन्दछ। यसकारण 'अच्' प्रत्याहार मा 'अ, इ, उ, ऋ, ऌ, ए, ऐ, ओ, औ' यी वर्णहरूको उपयोग हुन्छ।

## सन्धि-नियम

दुई वर्णहरु एकै स्थानमा आयो भने सन्धि हुन्छ । यदि एकै स्थानमा आउने वर्ण स्वर छ भने त्यो सन्धि स्वरसन्धि, व्यञ्जन छ भने व्यञ्जन सन्धि, अनुस्वार छ भने अनुस्वार सन्धि (ं) र विसर्ग (:) छ भने विसर्गसन्धि हुन्छ । सन्धि भएपछि एकै स्थान आउने वर्णहरुमा कुनै एक अथवा कुनै बेला दुइ वर्णहरुमा परिवर्तन भएर जान्छ।

### व्यञ्जन वा हल् सन्धि –

व्यञ्जनको व्यञ्जन संग मिलेर जुन परिवर्तन हुन्छ त्यसलाई व्यञ्जन सन्धि भनिन्छ । व्यञ्जन सन्धि लाई संस्कृत मा हल् सन्धि पनि भनिन्छ । यसका धेरै प्रकार छन्–

## 1. श्चुत्व सन्धि–

- **स्तोः श्चुना श्चुः -** सकार, तवर्ग को शकार, चवर्ग संग संयोग हुँदा सकार, तवर्गको ठाउँमा क्रमशः परिवर्तन द्वारा शकार, चवर्ग भएर जान्छ । संयोग हुँदा सकार, तवर्ग र शकार, चवर्ग का वर्णहरुको क्रम अगाडि पछाडि पनि हुन सक्दछ तर परिवर्तन केवल सकार र तवर्ग को स्थानमा नै हुन्छ।

  उदा. – मनस्+चञ्चलम्= मनश्चञ्चलम्(6/26), युन्+जीत=युञ्जीत(6/10), यद्+ज्ञात्वा=यज्ज्ञात्वा(4/16)

  एकै स्थानमा आउने व्यंजन स् कार र तवर्ग का परवर्तित रूपहरू

| एकै स्थानमा आउने व्यंजन | | स् कार र तवर्ग का परवर्तित रूपहरू |
|---|---|---|
| स् | श्, च्, छ्, ज्, झ्, ञ् | श् |
| त् | | च् |
| थ् | | छ् |
| द् | | ज् |
| ध् | | झ् |
| न् | | ञ् |

(नोट - क्ष = क् + ष, त्र = त् + र तथा ज्ञ = ज् + ञ हुन्छ, अतः यिनीहरुमा क्रमशः क्, त् एवं ज् सम्बन्धित नियम नै लागू हुन्छ।)

## 2. ष्टुत्व सन्धि –

- **ष्टुना ष्टुः -** सकार अथवा तवर्ग को षकार अथवा टवर्ग को साथ संयोग भएको खण्डमा सकार र तवर्ग को ठाउँमा क्रमशः परिवर्तन भएर षकार र टवर्ग हुन जान्छ । संयोग मा सकार, तवर्ग र षकार, टवर्ग का वर्णहरुको केही क्रम अगाडि पछाडि हुन सक्दछ तर परिवर्तन केवल सकार र तवर्ग को स्थानमा नै हुन्छ |

  उदा. - दृष् + तः = दृष्टः (2/16), सृष्+त्वा= सृष्ट्वा(3/10), प्रनष्+त:=प्रनष्ट:(18/72)

| एकत्र आने वाले दो व्यंजन | | परवर्तित रूपहरू |
|---|---|---|
| स् | ष्, ट्, ठ्, ड्, ढ्, ण् | ष् |
| त् | | ट् |
| थ् | | ठ् |
| द् | | ड् |
| ध् | | ढ् |
| न् | | ण् |

## 3. चर्त्व सन्धि –

- **खरि च –** वर्गहरु का प्रथम, द्वितीय वर्ण एवं श, ष, स(खर् प्रत्याहार/कठोर व्यंजन) पर छ भने वर्गहरुको प्रथम, द्वितीय, तृतीय, चतुर्थ वर्ण एवं श, ष, स, ह (झल् प्रत्याहार) को परिवर्तन क, च, ट, त, प, श, ष, स('चर प्रत्याहार) मा हुन जान्छ।

  उदा. - हृद् + स्थम् = हृत्स्थम् (4/42), तद्+कुरुष्व = तत्कुरुष्व(9/27), छिद्+त्वा=छित्त्वा(4/42)

- **वाऽवसाने –** वसानमा (अर्थात् पदको अन्त्यमा) वर्गहरुको प्रथम, द्वितीय, तृतीय, चतुर्थ वर्ण एवं श, ष, स, ह(झल् प्रत्याहार) छ भने यिनिहरुको विकल्पमा क, च, ट, त, प, श, ष, स(चर् प्रत्याहार) हुन जान्छ।

उदा. - सुहृद् = सुहृत् (9/18), वाग्=वाक्, उपनिषद्=उपनिषत्, भगवद्=भगवत्

## 4. जश्त्व सन्धि –

- **झलां जश् झशि -** पांचै वर्गहरुका प्रथम, द्वितीय, तृतीय तथा चतुर्थ वर्णहरु कुनै पनि मृदुव्यञ्जन अथवा स्वर भन्दा पूर्व आउदछ भने त्यो त्यही वर्गको तृतीय वर्ण(ग्, ज्, ड्, द्, ब्) मा परिवर्तन हुन जान्छ।

  उदा.- लभ्+ध्वा = लब्+ध्वा = लब्ध्वा (4/39), बोध्+धव्यम्=बोद्+धव्यम्= बोद्धव्यम्(4/17), युध् + ध = युद्ध (2/37)

## 5. धत्व सन्धि –

- **झषस्तथोर्धोऽधः -** वर्गहरुको चतुर्थ वर्ण भन्दा पर यदि त् वा थ् आउदछ भने त्यो धकार मा परिवर्तन हुन्छ । (यो सन्धि भन्दा पछि जश्त्व सन्धि हुनु भन्दा पूर्वको वर्ण उसको तृतीय वर्णमा परिवर्तन हुन जान्छ।)

| पहिलोवर्ण | पछिल्लोवर्ण | परिवर्तित रूप |
|---|---|---|
| घ् | त्/थ् | ग्ध् |
| झ् | | ज्ध् |
| ढ् | | ड्ध् |
| ध् | | द्ध् |
| भ् | | ब्भ् |

उदा. - बोध् + तव्यम् = बोद् + धव्यम् = बोद्धव्यम् (4/17), रुध्+त्वा= रुद्+ध्वा=रुद्ध्वा(4/29)

## 6. षत्व सन्धि –

- **व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः -** व्रश्च आदि सात धातुहरुको र छकारान्त एवं शकारान्त धातुहरुको अंतिम वर्ण को ठाउँमा 'षकार' आदेश हुन्छ, पद को अन्त्यमा भएको खण्डमा वा 'झल्' भन्दा पर भएको खण्डमा ।
- उदा.- दृश् धातु बाट दृष् र दृष्टि यसै सूत्र अनुसार बन्दछ।
- **आदेशप्रत्यययोः -** यदि कुनै पूर्व आदेशको कारण 'स्' भएको छ वा प्रत्यय मा 'स्' छ तथा त्योबाट पूर्व 'इण्' (इ, उ) वा 'कवर्ग' छ भने 'सकार' बाट 'षकार' हुन जान्छ।

  उदा. - भोक् + स्यसे = भोक् + ष्यसे = भोक्ष्यसे (2/37), हनि+स्ये=हनि+ष्ये=हनिष्ये(16/14)

## 7. कत्व सन्धि –

- **षढोः कः सि –** पदको अन्त्यमा रहेको 'ष' र 'ढ' बाट 'क' हुन जान्छ 'स' पर भएको खण्डमा।

  उदा. – विनंष् + ष्यसि = विनंक् + ष्यसि = विनङ् क् + ष्यसि = विनङ्क्ष्यसि (18/58)

## 8. कुत्व सन्धि –

- **चोः कुः -** पद को अन्त्यमा विद्यमान चवर्ग को कुनैपनि वर्ण उसको अगाडी अन्तःस्थ र अनुनासिक छोड़ेर कुनै पनि वर्ण हुन् वा केहि पनि न भएता पनि क्रमशः क वर्ग मा परिवर्तन हुन जान्छ।

| पहिलोवर्ण | पछिल्लोवर्ण | परिवर्तित रूप |
|---|---|---|
| च् | प्रथम, द्वितीय, तृतीय, चतुर्थ वर्ण, श, ष, स, ह, अवसान | क् |
| छ् | | ख् |
| ज् | | ग् |
| झ् | | घ् |

उदा. - मुच् + तः = मुक्तः (5/28)

## 9. तुगागम सन्धि –

- **छे च –** ह्रस्व स्वर को पछि 'छ' भएको खण्डमा छकार बाट पूर्व 'त्' को आगमन हुन जान्छ र त्यस पछि श्चुत्व सन्धि बाट चकार मा परिवर्तित हुन जान्छ।

  उदा. - कृष्ण + छेत्तुम् = कृष्ण +त्+ छेत्तुम् = कृष्ण +च्+ छेत्तुम् = कृष्णच्छेत्तुम् (6/39)

- **पदान्ताद्वा –** पदान्त को दीर्घ स्वर को पछि 'छ' भएको खण्डमा पनि 'त कोआगमन विकल्प को रुपमा हुन्छ।

  उदा. - गायत्री + छन्दसाम् = गायत्रीच्छन्दसाम् अथवा गायत्री छन्दसाम् (10/35)

## 10. ङमुडागम सन्धि –

- **ङमो ह्रस्वादचि ङमुण्नित्यम् –** कुनैपनि ह्रस्व को पछाडी यदि ङ्, ण्, वा न् छ र यसको पछि कुनै पनि स्वर छ भने ङ्, ण्, र न् को रुपमा क्रमशः द्वित्व हुन जान्छ।

  उदा. - कुर्वन् + अपि = कुर्वन्नपि (5/7), सन्+अव्ययात्मा= सन्नव्ययात्मा(4/6), प्रहसन्+इव=प्रहसन्निव(2/10)

## 11. रुत्व सन्धि

- **नश्छव्यप्रशान् –** पदान्त 'नकार' को पछि यदि च्, छ्, ट्, ठ्, त् अथवा थ् यी वर्ण आउदछन र यसको पछि कुनै पनि स्वर, ह्, य्, व्, र्, ल्, ङ्, ञ्, ण्, न् छ भने नकार स्, श्, ष् मा बदलीन्छ र त्यसको पूर्ववर्णमा अनुस्वार दिएको हुन्छ। (नकार+ त्, थ् = सकार, नकार+ च्, छ्=शकार, नकार+ ट्, ठ्=षकार

  उदा. - विद्वान् + तथा = विद्वांस् + तथा = विद्वांस्तथा (3/25), गतासून्+च= गतासूंश्च(2/11), प्रज्ञावादान्+च=प्रज्ञावादांश्च(2/11)

## 12. अनुस्वार सन्धि

- **मोऽनुस्वारः -** पदको अन्त्यमा रहेको 'मकार' को अनुस्वार हुन जान्छ, यदि त्यसको पछि कुनै व्यञ्जन आएको खण्डमा।

  उदा. - हर्षम्+कुरुवृद्धः = हर्षं कुरुवृद्धः(1/12), शङ्खम्+दध्मौ= शङ्खं दध्मौ(1/12)

- **नश्चापदान्तस्य झलि –** अपदान्त 'नकार' र 'मकार' को अनुस्वारमा परिवर्तन हुन्छ, वर्गहरुको प्रथम, द्वितीय, तृतीय, चतुर्थ वर्ण एवं श, ष, स, ह ('झल') भएको खण्डमा।

  उदा. - वासान् + सि = वासांसि (2/22)

## 13. अनुनासिक सन्धि

- **यरोऽनुनासिकेऽनुनासिको वा –** पाचै वर्ग को पहिलो चार व्यञ्जनहरु मध्ये मा कुनै पनि व्यञ्जन यदि पदको अन्तमा छ र त्यसको पछि कुनै पनि अनुनासिक व्यञ्जन आउदछ भने त्यो व्यञ्जन त्यसैको वर्ग को अनुनासिक मा परिवर्तन हुन जान्छ।

  उदा. - वाक्+मनोभिर्यत् = वाङ्गनोभिर्यत् (18/15), षट्+मासाः = षण्मासा (8/24), जगत्+निवास = जगन्निवास (11/37)

| पूर्ववर्ण | उत्तरवर्ण | प्रथम वर्ण को ठाउँमा परिवर्तन |
|---|---|---|
| क वर्ग | | ङ् |
| च वर्ग | | ञ् |
| ट वर्ग | ङ्, ञ्, ण्, न्, म् | ण् |
| त वर्ग | | न् |
| प वर्ग | | म् |

## 14. परसवर्ण सन्धि

- **अनुस्वारस्य ययि परसवर्णः -** अनुस्वार भन्दा पर यदि कुनै पनि  वर्ग को कुनै पनि व्यञ्जन आउदछ भने त्यो अनुस्वार अग्रिम व्यञ्जन वर्गको अनुनासिक मा परिवर्तन हुन जान्छ।

  उदा. – सं + मूढः = सम्मूढः (५/२०), युं + जन् = युञ्जन् (६/२८)

- **वा पदान्तस्य –** माथि निर्दिष्ट नियम पदको अन्तमा त-अनुस्वारको विषयमा वैकल्पिक हो अर्थात् पदान्त को अनुस्वार को अनुनासिक मा परिवर्तन विकल्प अनुसार हुन्छ।

  उदा. = मां + पश्यति = मां पश्यति/माम्पश्यति (३/३०)

- **तोर्लि –** 'तवर्ग' को पछि 'लकार' भयो भने पर स वर्ण हुन जान्छ।

  उदा. - श्रुतिमत् + लोके = श्रुतिमल्लोके (13/13), श्रद्धावान् + लभते = श्रद्धावाँल्लभते (4/39)

## 15. पूर्वसवर्ण सन्धि

- **झयो होऽन्यतरस्याम् –** पाचै वर्गको प्रथम चार व्यञ्जनहरु भन्दा अगाडि यदि हकार आउछ भने त्यो हकार पूर्वव्यञ्जन को वर्ग को चतुर्थ व्यञ्जनमा परिवर्तन हुन जान्छ । यो नियम वैकल्पिक हो।

| प्रथम वर्ण | द्वितीय वर्ण | द्वितीय वर्ण को ठाउँमा परिवर्तन क वर्ग |
|---|---|---|
| क वर्ग | ह् | घ् |
| च वर्ग | | झ् |
| ट वर्ग | | ढ् |
| त वर्ग | | ध् |
| प वर्ग | | भ् |

उदा. - एतद् + हि = एतद्धि (6/42)

- **शश्छोटी –** पाचै वर्गहरुका  प्रथम चार व्यञ्जनहरु मध्ये बाट कुनै पनि  व्यञ्जन को पछि यदि शकार आउदछ र त्यसपछि कुनै पनि स्वर वा ह्, य्, व्, र् यी वर्ण आउदछन भने शकार छकार मा परिवर्तित हुन जान्छन् । यो नियम वैकल्पिक हो।
  उदा. - एतच् + श्रुत्वा = एतच्छ्रुत्वा (11/35), तस्मात् + शास्त्रम् = तस्माच्छास्त्रम् (१६/२४)

## ॥ द्वित्व(आघात) नियम॥

द्वित्वादि नियमहरुको पालन भगवद्गीताको दृष्टि बाट जति  उपयोगी छ त्यो दृष्टिबाट उच्चारण गर्न उत्तम एवं सरल बनाउनको लागि  जुन नियम स्वीकार गरिएको छ त्यो  निम्नलिखित छ –

## मूल द्वित्व नियम - अनचि च, स्वरात् संयोगादिर्द्विरुच्यते सर्वत्र।

स्वर को पछि संयुक्त वर्ण आएको खण्डमा संयुक्त वर्ण मा प्रथम वर्ण को द्वित्व पाणिनीय व्याकरण को 'अनचि च' सूत्र बाट र पाणिनीयशिक्षा को 'स्वरात् संयोगादिर्द्विरुच्यते सर्वत्र' सूत्र अनुसार हुन्छ । यो उत्सर्ग नियम हो जुन अपवाद छोड़ेर सबै ठाउँमा  प्रयोग हुन जान्छ।

*पाणिनीयशिक्षा*

**यो नियम को केहि अपवाद नियमहरू छन् जुन यस प्रकार छन्।**

## 1. परं तु रेफहकाराभ्याम्।

संयुक्त वर्ण मा यदि प्रथम वर्ण रेफ अथवा हकार छ भने द्वित्व हुदैन। *पाणिनीयशिक्षा*

उदा. – पर्युपासते, गुह्यतमम्

## 2. (न) सवर्णे।

यदि संयुक्त वर्ण मा दुवै वर्ण समान छन् भने यहाँ स्वाभाविक रूप बाट नै द्वित्व हुन जान्छ । यसकारण त्यहाँ अतिरिक्त द्वित्वको आवश्यकता पर्दैन। **प्रातिशाख्य**

उदा. – उत्सन्न, मय्यावेश्य

## 3. जब संयुक्त वर्ण मा तीन व्यञ्जनहरु को संयोग भएको हुन्छ।

त्यहाँ पनि द्वित्वको आवश्यकता पर्दैन *पाणिनीय शिक्षा*

उदा. – कृत्स्नम्, भक्त्या

## 4. प्रथमैर्द्वितीयास्तृतीयैश्चतुर्थाः।

संयुक्त वर्णमा पांचै वर्ग का सवै वर्णहरु (स्पर्श वर्णहरू) को द्वित्व गर्दा द्वितीय वर्ण बाट पहिलो प्रथम वर्ण को र चतुर्थ वर्ण भन्दा पहिलो तृतीय वर्ण को प्रयोग गरिन्छ। *पाणिनीय शिक्षा*

उदा. – जिघ्रन् = जि(ग्)घ्रन्

# शब्दावली

- **आदेश –** कुनै वर्णलाई हटाएर जब कुनै दोश्रो वर्ण शत्रु कै जस्तो त्यसको ठाउँमा आएर बस्दछ तब त्यसलाई आदेश भनिन्छ । उदा. – 'यदि+अपि = यद्यपि' यहाँ 'इ' को ठाउँमा 'य्' को आदेश भएको छ । (शत्रुवदादेशः)
- **आगम –** कुनै वर्ण संग कुनै दोश्रो वर्ण मित्र जस्तै भएर संगै आएर बसी संयुक्त बर्ण बन्न जान्छ भने त्यसलाई आगम भनिन्छ । उदा. – 'कृष्ण+छेत्तुम्'=कृष्णच्छेत्तुम् यहाँ कृष्ण को ण एवं छेत्तुम् को छ को बिचमा च् को आगम भएको छ । (मित्रवदागमः)
- **लोप –** दुइ वर्णहरुको संधि को दौरानमा कुनै वर्णलाई हटाउने प्रक्रियालाई लोप भनिन्छ।
- **प्रकृतिभाव –** यदि दुई वर्णहरु को संधिको अवस्थामा आदेश, आगम वा लोप को स्थिति आएन र पदहरूलाई पूर्ववतै स्थितिमा राखिएको छ भने त्यसलाई प्रकृतिभाव भनिन्छ।
- **प्रत्यय –** जुन वर्ण वा वर्ण समुदायहरुको स्वतंत्र अस्तित्व हुँदैन र त्यो कुनै शब्दको पछि लगाएर त्यसले अर्थमा परिवर्तन गरि दिएको हुन्छ भने त्यसलाई प्रत्यय भनिन्छ । प्रत्यय पांच प्रकार का हुन्छन् – सुप्, तिङ्, कृत्, तद्धित, स्त्री प्रत्यय।

- **उपसर्ग –** यस्तो शब्द जुन कुनै धातु को पूर्व जोडिएर उसको अर्थ मा परिवर्तन गरि दिन्छ वा त्यहि अर्थलाई पुष्टि गरि दिन्छ भने त्यसलाई उपसर्ग भनिन्छ । उदा. – हार शब्द को अर्थ हो पराजय यसको साथमा विभिन्न उपसर्ग जोड़ेर अनेक अलग अलग अर्थ का शब्द सिध्द हुन्छन् –
  1. प्र + हार = प्रहार, 2. सम् + हार = संहार(विनाश), 3. वि' + हार = विहार(घूम्नु)
  संस्कृत मा जम्मा 22 उपसर्ग छन् - प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, वि, आङ्, नि, अधि, अपि, अति, सु, उत्, अभि, प्रति, परि, उप।

- **कठोर-मृदु व्यंजन व अनुनासिक –**

| कठोर व्यंजन | | मृदु व्यंजन | | अनुनासिक |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | ञ् |
| ट् | ठ् | ड् | ढ् | ण् |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| श्, ष्, स् | | य्, र्, ल्, व्, ह् | | 'यँ', 'लँ', 'वँ' |

# सामान्य संस्कृत

संस्कृत मा कारक एवं क्रिया को परिचय बाट सामान्य वाक्य को रचना गर्न सकिन्छ । संस्कृत मा वाक्य बनाउन को लागि सर्वप्रथम क्रिया (कुनैपनि कार्य) लाई हेरिन्छ । यसलाई धातुरूपको माध्यम बाट व्यक्त गरिन्छ । धातुरूप को प्रयोग क्रिया गर्ने वाला व्यक्तिहरुको संख्या र पुरुष को अनुसार क्रिया हुन्छ।

संस्कृत मा 6 कारक हुन्छन् । कर्ता (काम गर्ने वाला) को हो, त्यस पछि कर्म (कर्ता द्वारा गरिने काम), करण (जसको माध्यमबाट कर्म सकिन्छ), सम्प्रदान (जसलाई केही दिइदै छ), अपादान (विभाग हुदाको क्रियामा जुन स्थिर छ), अधिकरण (त्यो क्रिया जसको ठाउँमा रही रहेको छ) प्रत्येक शब्द लाई उसको कारक को अनुसार विभक्ति दिइन्छ । वाक्यरचना को लागि केही आधारभूत नियम यहाँ दिन गई रहिएको छ –

संस्कृत मा लिंगहरुको आधार मा शब्दहरुको विभाजन हुन जान्छ – शब्दहरुको रूप, त्यसको लिंग र अंतिम वर्णको आधारमा परिवर्तित हुन जान्छ । राम, श्याम, अनुराग आदि शब्दहरु को रूप एकसमान छन् । त्यस्तै मति, गति, रति पनि एक समान एवं जगत्, मनस् आदि शब्दहरु पनि एकसमान नै छन् । पुलिंग राम शब्द लाई र केही सामान्य धातुहरू लाई लिएर हामी केही उदाहरण हेरौँ।

## 'अकारान्त पुल्लिँङ्ग राम शब्द'

| विभक्ति | कारक | एकवचन | द्विवचन | बहुवचन |
|---|---|---|---|---|
| **प्रथमा** | कर्ता | रामः | रामौ | रामाः |
| **द्वितीया** | कर्म | रामम् | रामौ | रामान् |
| **तृतीया** | करण | रामेण | रामाभ्याम् | रामैः |
| **चतुर्थी** | सम्प्रदान | रामाय | रामाभ्याम् | रामेभ्यः |
| **पंचमी** | अपादान | रामात् | रामाभ्याम् | रामेभ्यः |
| **षष्ठी** | सम्बन्ध | रामस्य | रामयोः | रामाणाम् |
| **सप्तमी** | अधिकरण | रामे | रामयोः | रामेषु |
| **सम्बोधन** | सम्बोधन | हे राम! | हे रामौ! | हे रामाः! |

कुछ प्रसिद्ध धातुयें :

1. गच्छति – जान्छ। 4. पठति – पढ्छ।
2. क्रीडति – खेलछ। 5. वदति – बोल्दछ।
3. खादति – खान्छ। 6. चलति – हिडदछ।

सबै धातुहरूको संकेतको रूप मा 'पठ्' धातुको लट् लकार (वर्तमान काल को क्रिया) को रूप मा दिन गइ रहेको छ-

| पुरुष | एकवचन | द्विवचन | बहुवचन |
|---|---|---|---|
| **प्रथम पुरुष** | पठति | पठत: | पठन्ति |
| **मध्यम पुरुष** | पठसि | पठथ: | पठथ |
| **उत्तम पुरुष** | पठामि | पठाव: | पठाम: |

संस्कृत मा क्रियापद को रूप तीन पुरुषहरु (प्रथम पुरुष, मध्यम पुरुष, उत्तम पुरुष) को अनुसार हुन्छ | कुनै दोश्रो को लागि प्रथम पुरुष, तिमी को प्रयोग को लागि मध्यम पुरुष, स्वयं को लागि उत्तम पुरुष को प्रयोग हुन्छ । यी नियमहरूलाई ध्यान मा राखेर केहि वाक्य उदाहरणका रूप मा प्रस्तुत छ:

**1.** राम: गच्छति। 1. राम: पश्यति। 1. राम: पठति। 1. राम: वदति।
**2.** त्वं गच्छसि। 2. त्वं पश्यसि। 2. त्वं पठसि। 2. त्वं वदसि।
**3.** अहं गच्छामि। 3. अहं पश्यामि। 3. अहं पठामि। 3. अहं वदामि।

### सबै बिभक्तिका केही उदाहरणहरू :

1. राम: गच्छति (राम जान्छ)। - राम: (प्रथमा - कर्ता)
2. राम: ग्रामं गच्छति (राम गाउँ जान्छ )। - ग्रामं (द्वितीया - कर्म)
3. राम: कलमेन लिखति (राम कलमले लेख्दछ)। - कलमेन (तृतीया - करण)
4. राम: कृष्णाय फलं ददाति (राम कृष्ण लाई फल दिन्छ)। - कृष्णाय (चतुर्थी - सम्प्रदान)
5. राम: ग्रामात् आगच्छति (राम गाउँ बाट आउदछ)। - ग्रामात् (पञ्चमी - अपादान)
6. रामस्य पुत्र: कुश: (रामको छोरो कुश हो)। - रामस्य (षष्ठी - सम्बन्ध) (सम्बन्ध कारकहरुमा आउदैनन्।)
7. राम: विद्यालये पठति (राम विद्यालय मा पढ्दछ)। - विद्यालये (सप्तमी - अधिकरण)

|| इति ||

*गीता परिवार का साहित्यहरु कुनै अन्य ठाउँमा उपयोग गर्नको लागि पूर्व अनुमति आवश्यक छ । अनुमतिको प्रयोजनको लागि मात्र consent@learngeeta.com मा हामी लाई लेख्नु होस्।*